जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३६ अंक ३५ २०८३ साल भदौ ११ गते बिहीबार (27 Aug 2026 Thursday) मूल्य रु. ५/-

**बाल अधिकारको संरक्षण**

**बचावटको अधिकार :**
पोषिलो खाना र स्वास्थ्योपचार पाउनु ।
**विकासको अधिकार :**
शिक्षा, खेलकुद र मनोरञ्जनको अवसर ।
**संरक्षणको अधिकार :**
हिंसा, दुर्व्यवहार र शोषणबाट सुरक्षा ।
**सहभागिताको अधिकार :**
आफ्नो हितका निर्णयमा बोल्न पाउनु ।

***Log in : rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : नगरेको गल्तीको सजाय.. ३ पृष्ठमा : हेलो सरकारमा गुनासो ... ३ पृष्ठमा पाकिस्तानको अस्पतालमा आगलागी ...

# रसुवाको बाढीमा सप्तरीको एकै परिवारका तीन दाजुभाईसहित पाँच जना सम्पर्क बिहीन





बोदेबरसाईन नगरपालिका वडा नं. ८ काचनटोल निवासी तीन दाजुभाई ३१ बर्षीय देबकुमार यादव, ३५ बर्षीय शिवकुमार यादव र २५ बर्षीय सचित यादव । *तस्बिर : राजविराज दैनिक*

**दैनिक समाचारदाता**
**राजविराज, १० भदौ ।**

बुधबार बिहान रसुवामा आएको बाढीमा सप्तरी जिल्लाको एकै परिवारका तीन दाजु-भाई सहित पाँच जना सम्पर्क बिहीन भएका छन् ।

जिल्लाको बोदेबरसाईन नगरपालिका वडा नं. ८ काचनटोल निवासी ३१ बर्षीय देबकुमार यादव, ३५ बर्षीय शिवकुमार यादव र २५ बर्षीय सचित यादव बिहानै देखि सम्पर्क बिहीन भएको परिवारजनले बताएका छन् ।

रसुवास्थित हाइड्रो पावरमा देबकुमार इन्जिनियर, सचित ओभरसियर र शिवकुमार सुपरभाईजरको रुपमा काम गर्दै आएको उनका बुवा लाल बहादुर यादवले जानकारी दिए ।

रसुवामा बिहान बाढी आएपछि तीनै छोरा सम्पर्क बिहीन भएको र उनहरुको खोज तथा उद्धार गरिदिन बुबा लालबहादुरले अपिल गरेका छन् ।

यस्तै जिल्लाको तिलाठी कोइलाडी गाउँपालिका ६ निवासी अशोक कुमार मण्डल सम्पर्कबिहीन छन् । उनी सोही ठाउँको हाइड्रो पावरमा मानवसंशाधन विभागमा कार्यरत थिए ।

यसैगरि जिल्लाकै विष्णुपुर गाउँपालिका १ का इन्जिनियर अजय कुमार यादव पनि सम्पर्कबिहिन रहेका छन् । रसुवाको उत्तरगया गाउँपालिका ५ स्थित निलकन्ठ माध्यमिक विद्यालय बोगटीटारमा इन्जिनियर पदमा कार्यरत थिए ।

**बैंकका २६ कर्मचारी सम्पर्कविहीन**

रसुवा बाढीका कारण ८ वाणिज्य बैंकका २६ कर्मचारी सम्पर्कविहीन भएका छन् । तिब्बतबाट आएको बाढीका कारण भोटेकोशी र त्रिशूली आसपास विभिन्न बैंकका ८ शाखामा कार्यरत कर्मचारी सम्पर्कविहीन भएका हुन् ।

नेपाल बैंकर्स एसोसिएसनका प्रमुख कार्यकारी अधिकृत (सीईओ) अनिल शर्माका अनुसार हालसम्म विभिन्न बैंकका ८ शाखामा कार्यरत २६ कर्मचारीसँग सम्पर्क हुन सकेको छैन ।

बैंकका शाखाहरू पूर्णरूपमा क्षतिग्रस्त अवस्थामा रहेको उनले बताए । 'टिमुरे, स्याफ्रुबेंसी लगायत स्थानका शाखामा क्षति पुगेको छ, सम्पर्क हुन नसकेका कर्मचारी पनि सोही क्षेत्रका छन्,' उनले भने ।

बाढीले प्रभु, ग्लोबल, सानिमा, नेपाल इन्भेस्टमेन्ट मेगा, लक्ष्मी सनराइज, एनएमबी र माछापुच्छ्रे बैंकका शाखा कार्यालयमा क्षति पुर्‍याएको शर्माले बताए ।

**४४ जना नेपाली सेना सम्पर्कविहीन**

रसुवाको भोटेकोशीमा एक्कासी आएको बाढीले ४४ जना नेपाली सेना सम्पर्कविहीन भएका छन् । सैनिक प्रवक्ता तथा सहायक रथी राजाराम बस्नेतका अनुसार ४४ जना सैनिक अहिलेसम्म सम्पर्कमा आएका छैनन् । उनका अनुसार बेपत्ता सैनिक लाङटाङ राष्ट्रिय निकुञ्ज र जलविद्युत् आयोजनाको सुरक्षार्थ खटिएका थिए ।

नेपाल प्रहरीका पनि ३२ जना र सशस्त्र प्रहरीका पनि ९ जना सुरक्षाकर्मी सम्पर्कविहीन भएका छन् । रसुवा जिल्लामा निर्माणाधीन लाइटाङ खोला जलविद्युत् आयोजना भोटेकोसी नदीमा आएको भीषण बाढीले ठूलो क्षति व्यहोरेको छ ।

**६० जना कर्मचारी तथा मजदुर सम्पर्कविहीन**

एक सातापछि विद्युत् उत्पादन सुरु गरेर राष्ट्रिय प्रसारण लाइनमा जोडिने तयारी गरिरहेको सो आयोजनाको पावर हाउस बाढीले पूर्णरूपमा बगाएको छ । बाढीका कारण करिब ६० जना कर्मचारी तथा मजदुर सम्पर्कविहीन भएका छन् ।

बुधबार बिहान चीनको तिब्बततर्फबाट आएको भोटेकोसी नदीको बाढीले आयोजना क्षेत्रमा व्यापक क्षति पुर्‍याएको हो। निर्माण कम्पनी मल्टी इनर्जी प्रालिका प्रबन्ध निर्देशक विजयमोहन भट्टराईका अनुसार, बाढी आउँदा कर्मचारी र मजदुरहरू सुरुङभित्र कंक्रिट ढलानको काम गरिरहेका थिए। आयोजनामा मल्टी इनर्जीका २५ जना इन्जिनियर, ओभरसियर, गार्ड र भान्छेसहित पेटी कन्ट्र्याक्टरतर्फका ३५ जना मजदुर कार्यरत थिए, जो बिहानदेखि सम्पर्कमा नरहेको भट्टराईले जानकारी दिए ।

**४०३ जना पर्यटक बेपत्ता**

रसुवामा बुधबार आएको बाढीमा परेर ठूलो संख्यामा पर्यटकहरू बेपत्ता भएका छन् । नेपाल पर्यटन बोर्डले जारी गरेको तथ्यांकअनुसार बाढीका कारण हालसम्म कुल ४०३ जना पर्यटक बेपत्ता भएका छन् । बाढी आएको लामो समय बितिसक्दा पनि बेपत्ता भएकामध्ये कोही पनि फेला पर्न नसकेका र खोज तथा उद्धार कार्य जारी रहेको जनाइएको छ ।

सार्वजनिक गरिएको विवरणअनुसार बेपत्ता हुने कुल ४०३ जनामध्ये ६२ जना नेपाली नागरिक छन् भने बाँकी ३४१ जना विदेशी नागरिक छन् । भारतका १३३ जना नागरिक बाढीमा हराइरहेका छन् । यसैगरी संयुक्त राज्य अमेरिकाका ४७ जना, अस्ट्रेलियाका ३४ जना, संयुक्त अधिराज्य (यूके) का ३३ जना, क्यानडाका २४ जना र मलेसियाका १९ जना नागरिक बेपत्ता सूचीमा छन् ।

अन्य देशहरूमा युक्रेनका ७ जना, सिङ्गापुर र दक्षिण अफ्रिकाका ६-६ जना, जापान र न्युजिल्यान्डका ५-५ जना तथा जर्मनीका ४ जना नागरिक हराइरहेका छन् । यसबाहेक फ्रान्स, स्पेन, रुस, नेदरल्यान्ड्स, आयरल्यान्ड, बेलारुस, फिनल्यान्ड, हंगेरी, इजरायल, लिथुआनिया, पोर्चुगल र फिलिपिन्सका नागरिकहरू पनि यस विपत्तिमा परी बेपत्ता भएका छन् ।


वातावरण संरक्षण नियमावली २०७७ को नियम ७ को उपनियम (२) संग सम्बन्धित
बोदेबरसाईन न.पा. ३, सप्तरी स्थित निर्माण तथा संचालन हुने श्री सनराईज इट्टा उद्योग प्रा.लि.को लागी आवश्यक पर्ने
प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धी

**सार्वजनिक सूचना**

**(प्रथम पटक प्रकशित मितिः २०८३/०५/११)**

मधेश प्रदेश, सप्तरी जिल्ला बोदेबरसाईन न.पा. ३ स्थित श्री सनराईज इट्टा उद्योग प्रा.लि.द्धारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगानाः** | **नामः** श्री सनराईज इट्टा उद्योग प्रा.लि.<br>**ठेगानाः** बोदेबरसाईन न.पा. ३, सप्तरी<br>**इमेलः** *by1401842@gmail.com*<br>**सम्पर्क नः** ९८१४७३३३३४ |
| **प्रस्तावको व्यहोराः** | बोदेबरसाईन न.पा. ३, सप्तरीको किता नं. १०६, १०७, २२२ र ४६२ को जम्मा क्षेत्रफल ३-९-८.५ (बि.-क.-धु.) क्षेत्रफल भएको जग्गामा इट्टा उद्योग स्थापना तथा संचालन गर्ने |
| **प्रभाव पर्न सक्ने क्षेत्र** | सप्तरी जिल्ला बोदेबरसाईन न.पा. ३ । |

माथी उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सौँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकिन गर्न बोदेबरसाईन न.पा. ३ वडा समिति, तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थय चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाब उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगानाः** | **नामः** श्री सनराईज इट्टा उद्योग प्रा.लि.<br>**ठेगानाः** बोदेबरसाईन न.पा. ३, सप्तरी<br>**इमेलः** *by1401842@gmail.com*<br>**सम्पर्क नः** ९८१३७८१०५४ |
| **परामर्शदाताको नाम र ठेगानाः** | **नामः** रेडियन्स इन्भाइरोमेन्ट्ल सोलुसन्स् प्रा.लि. बीरगंज-१०, पर्सा<br>**ठेगानाः** बीरगंज-१०, पर्सा<br>**सम्पर्क नं. :** ९८४५६४३९६२<br>**इमेल :** radianceenvironmentalsolution@gmail.com |

***नोट :** माथि उल्लेखित प्रस्तथावको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सुनुवाई निम्न अनुसार हुने जानकारीको साथै सरोकारवालाहरुमा उपस्थितिको लागि अनुरोध छ ।*
***मिति :** २०८३/०५/१८ गते बिहिबार*
***स्थान :** सप्तरी जिल्ला बोदेबरसाईन न.पा. ३, मधुवन टोल (धनलक्ष्मी पेट्रोल पम्मबाट करिब ६०० मिटर उत्तर उद्योग परिसरमा)*
***समय :** दिउसो १ बजे देखि*

## सम्पादकीय

# रसुवा बाढी प्रभावित क्षेत्रमा राहत र उद्धारमा जुटौं

रसुवामा बाढी तथा पहिरोका कारण जनजीवन प्रभावित भएको अवस्थामा अहिले सबैभन्दा ठूलो प्राथमिकता नागरिकको जीवनरक्षा, उद्धार र राहत हो । प्राकृतिक विपद्ले घर, सडक, पुल, विद्युत् तथा अन्य भौतिक संरचनामा क्षति पुर्‍याउनुका साथै धेरै परिवारलाई विस्थापित बनाएको छ । यस्तो संवेदनशील समयमा पीडित नागरिकलाई एक्लो महसुस हुन नदिन राज्य र समाज दुवैले जिम्मेवारीपूर्वक भूमिका निर्वाह गर्न आवश्यक छ । बाढी प्रभावित क्षेत्रमा तत्काल खोज तथा उद्धार टोली परिचालन गर्नुपर्छ । जोखिममा रहेका नागरिकलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्दै खाद्यान्न, स्वच्छ खानेपानी, औषधि, कपडा र अस्थायी आवासको व्यवस्था गर्नुपर्छ । विशेषगरी बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला, बिरामी तथा अपांगता भएका व्यक्तिलाई उद्धारमा प्राथमिकता दिन आवश्यक छ ।

वास्तविक पीडितको पहिचान गरी पारदर्शी र समान रूपमा राहत उपलब्ध गराउनुपर्छ । स्थानीय तह, जिल्ला प्रशासन, सुरक्षा निकाय, स्वास्थ्यकर्मी, स्वयंसेवक तथा गैरसरकारी संस्थाबीच प्रभावकारी समन्वय भएमा उद्धार र राहत कार्य अझ व्यवस्थित बनाउन सकिन्छ । विपद्को समयमा नागरिक स्वयं पनि सचेत हुन आवश्यक छ । बाढीको बहाव बढेको नदी तथा खोलामा जाने, जोखिमपूर्ण सडक प्रयोग गर्ने वा सामाजिक सञ्जालमा अपुष्ट सूचना फैलाउने कार्य गर्नु हुँदैन । उद्धार कार्यमा खटिएका सुरक्षाकर्मी तथा स्वयंसेवकलाई आवश्यक सहयोग गर्दै आधिकारिक सूचनामात्र विश्वास गर्नुपर्छ ।

रसुवामा भएको क्षतिलाई तत्काल सम्बोधन गर्नुका साथै आगामी दिनमा यस्ता विपद्बाट हुने क्षति न्यूनीकरणका लागि दीर्घकालीन योजना पनि आवश्यक छ । जोखिमयुक्त बस्तीको पहिचान, सुरक्षित स्थानको व्यवस्था, पूर्वसूचना प्रणाली, सडक तथा पुलको सुरक्षित निर्माण र विपद् पूर्वतयारीलाई प्राथमिकता दिनुपर्छ । तसर्थ रसुवाका बाढी प्रभावित नागरिकको दुःखमा राज्य, स्थानीय समुदाय, संघसंस्था र आम नागरिक एकजुट भएर उभिनुपर्छ । राहतमा ढिलाइ नगरौं, उद्धारमा कमजोरी हुन नदिऔं र विपद्मा परेका नागरिकको जीवनरक्षालाई सर्वोच्च प्राथमिकता दिऔं ।

## बाढी/पहिरोबाट सतर्क रहौं ।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**

# नगरेको गल्तीको सजाय भोग्दै मुस्ताङवासी

**मोहनसिंह लालचन**

काठमाडौं, १० भदौ (रासस) ।

मुस्ताङ नेपालको उच्च हिमाली तथा ट्रान्स-हिमालय क्षेत्रमा पर्ने भएकाले जलवायु परिवर्तनका प्रभावप्रति अत्यन्त संवेदनशील अवस्थाबाट गुज्रिदैछ । यहाँ तापक्रम वृद्धि, वर्षा र हिमपातको स्वरूपमा परिवर्तन, हिमनदी तथा हिउँ पग्लिने क्रम, पानीका स्रोतमा परिवर्तन र चरम मौसमी घटनाले कृषि, पशुपालन, जैविक विविधता र स्थानीय जनजीवनमा प्रभाव पारिरहेका छन् ।

मुस्ताङमा जलवायु परिवर्तन केवल तापक्रम बढ्ने विषय मात्र होइन; यसले पानी, कृषि, पशुपालन, जैविक विविधता, संस्कृति, पर्यटन र स्थानीय अर्थतन्त्रलाई एकसाथ प्रभावित गरिरहेको छ । त्यसैले मुस्ताङका लागि स्थानीय ज्ञान र आधुनिक विज्ञानलाई जोडेर जलवायु उत्थानशील कृषि, पानी संरक्षण र जोखिम न्यूनीकरणमा आधारित दीर्घकालीन योजना आवश्यक छ । २०२५ को मुस्ताङ कृषि-जैविक विविधता सर्वेक्षणले पनि जलवायु परिवर्तनका कारण हिमनदी पग्लिनु, मौसमको स्वरूप परिवर्तन र हिमपातमा कमीले कृषि तथा पानीका स्रोतमा खतरा बढाएको उल्लेख गरेको छ ।

**वातावरणीय प्रभाव**

मुस्ताङमा विगतका दशकमा तापक्रम बढ्दो क्रममा रहेको अध्ययनहरूले देखाएका छन् । मुक्तिनाथ क्षेत्रमा गरिएको अध्ययनमा १९८५-२०१६ बीच अधिकतम, न्यूनतम र औसत तापक्रममा क्रमशः वृद्धि देखिएको छ । तापक्रम वृद्धिसँगै हिमपातमा कमी र हिउँ पग्लिने समयमा परिवर्तन आउँदा वातावरणीय सन्तुलन तथा जनजीवनमा प्रत्यक्ष असर देखिएको छ ।

मौसम (पुस-माघ) मा हिउँ नपर्ने बेमौसम (चैत-वैशाख)मा हिउँ पर्ने गर्दा पानीका मुहानहरु सुक्न जाने तथा जमिनमा आद्रता नहुँदा सुक्खा पहिरो जाने समस्या देखिन थालेको छ । गर्मीयाममा हिउँ पर्दा चाँडै पग्लिने भएकाले पहाडमा हिउँमा मात्रा घट्न गई कालापत्थरमा परिणत हुने गरेको छ । जाडोमा पर्याप्त हिमपात नहुने र हिउँ पहिलेभन्दा छिटो पग्लिने प्रवृत्तिले हिमाली जलचक्रमा असर पारेको छ । यसले सिंचाइ तथा खानेपानीमा दीर्घकालीन चुनौती सिर्जना गर्न शुरु भएको छ ।

जलवायु परिवर्तनसँगै पहिरो, हिमपहिरो, चट्टान खस्ने घटना तथा अन्य चरम मौसमी जोखिम बढ्न सक्छन् । हिमनदी तथा स्थायी हिउँ पग्लिँदा हिमाली भू-भाग अस्थिर हुने सम्भावनासमेत रहन्छ । तापक्रम र पानीको उपलब्धतामा आएको परिवर्तनले वनस्पति, चरन क्षेत्र तथा वन्यजन्तुको बासस्थानमा प्रभाव पारिरहेको छ । नीलो भेडा तथा हिमचितुवाजस्ता उच्च हिमाली वन्यजन्तुको बासस्थान र आहार प्रणालीमा समेत परिवर्तनको जोखिम देखिएको छ । यसको असर कृषि, पशुपालन, संस्कृति र जैविक विविधतामा समेत परेको छ ।

**जनजीवनमा असर**

मुस्ताङको कृषि र बस्तीहरू सिंचाइका लागि स्थानीय मुहान, हिमपानी र मौसमी पानीमा निर्भर रहेका छन् । वर्षा र हिमपातको अनिश्चितताले मुहान तथा सिंचाइ प्रणालीमा पानीको उपलब्धता कम हुँदै गएको छ । पानीको मुहान सुक्न गएपछि तीन वर्षअघि लोमाङथाङको २७ घर परिवार बस्दै आएको सोमजुङ बस्ती सोसेरमा स्थानान्तरण गर्नुपरेको छ ।

तापक्रम तथा वर्षाको परिवर्तनले बाली लगाउने र भित्र्याउने समय परिवर्तन भएको छ । फापर, जौ, गहुँ, आलु, सिमी तथा फलफूलजस्ता स्थानीय उत्पादनमा मौसमको अनिश्चितताले जोखिम बढाएको छ । सन् २०००-२०१६ बीच थासाङ क्षेत्रमा कृषि भूमि प्रयोगमा उल्लेख्य कमी देखिएको एक अध्ययनले जनाएको छ । चरन क्षेत्र र घाँसको उपलब्धतामा परिवर्तन हुँदा याक, चौंरी, च्याङ्ग्रा तथा अन्य पशुपालन प्रभावित हुन सक्छ । यसले परम्परागत हिमाली जीविकोपार्जन प्रणालीमा असर पार्छ ।

मुस्ताङको प्रसिद्ध स्याउ खेतीमा तापक्रम परिवर्तनले खेतीयोग्य क्षेत्र र उत्पादन प्रणाली परिवर्तन गर्ने सम्भावना बढाएको छ । जिल्लाकै पहिचानको रुपमा रहेको स्याउको उत्पादन पनि विस्तारै घट्न थालेको छ । जिल्लाको तल्लो भेगमा उत्पादन कम हुँदै उपल्लो भेगतिर राम्रो उत्पादन हुन थालेको देखिन्छ । यसरी उत्पादन सर्दै जाँदा केही वर्षमा जिल्लामा स्याउन नै नपाउने अवस्था आउनसक्ने जोखिम बढेको छ । केही स्थानमा बढ्दो तापक्रमले नयाँ तरकारी तथा फलफूल खेतीका अवसरसमेत सिर्जना गरेको देखिन्छ ।

तापक्रम बढेसँगै केही नयाँ कीरा, झिँगा तथा वनस्पति रोगको समस्या देखिएको अध्ययनमा उल्लेख छ । यसले कृषि उत्पादनको लागत र जोखिम बढाउन थालेको छ । मुस्ताङको पर्यटन प्राकृतिक सौन्दर्य, हिमाल, पदमार्ग, संस्कृति र मौसममा निर्भर छ । हिमपात, पहिरो, सडक अवरोध तथा चरम मौसमले पर्यटकको आवागमन र पर्यटन पूर्वाधारमा जोखिम बढाउन सक्छ ।

**अनुकूलनका उपायको खोजी**

मुस्ताङमा जलवायु परिवर्तनसँग जुध्न जलस्रोत संरक्षण, वर्षाको पानी संकलन, साना पोखरी निर्माण, जलवायु-मैत्री कृषि, स्थानीय बीउ तथा पशु नस्ल संरक्षण, कृषि क्यालेन्डरमा परिवर्तन, कीरा नियन्त्रण, सिँचाइ प्रणाली सुधार र प्रारम्भिक चेतावनी प्रणालीलाई प्राथमिकता दिन आवश्यक छ । स्थानीय समुदायले पहिले नै कृत्रिम पोखरी निर्माण, बाली लगाउने/भित्र्याउने समय परिवर्तन तथा कीरा नियन्त्रणजस्ता उपाय अपनाइरहेका छन् ।

आन्तरिक तथा बाह्य पर्यटकको संख्या बढेसँगै जिल्लामा सवारी चापमा वृद्धि, फोहरमैलाको समस्या र वायु प्रदूषणको समस्या बढ्न थालेको छ । सदरमुकाम रहेको घरपझोङ गाउँपालिकापालिकाको पहलमा फोहरलाई मोहरमा परिणत गर्ने उद्देश्यले फोहरमैला सङकलन केन्द्र निर्माण गरिएको छ भने फोहर उठाउन पनि विद्युतीय रिक्साको प्रयोग गरिएको छ । प्रदेश सरकारसँगको साझेदारीमा फोहरबाट कम्पोष्ट मल उत्पादन गर्ने कार्य हुँदैछ । यस्तै इसिमोड र प्राक्टिकल एक्सन नामक संस्थाको सहयोगमा पालिकामा घरभित्रको धुवाँको प्रदूषण अन्त्य गर्न विद्युतीय चुलो, सौर्य तापीय प्रणालीजस्ता स्वच्छ ऊर्जाको प्रयोगमा जोड दिइएको छ । प्लाष्टिकलाई न्यूनीकरण गर्न कपडाको झोलाको प्रयोगलाई अनिवार्य गरिदैछ ।

जलवायु परिवर्तनको नकारात्मक असरसँगै तापक्रम वृद्धिका कारण मौसमी तथा बेमौसमी तरकारी खेती राम्रो उत्पादन हुन थालेको छ । जिल्लालाई अर्गानिक जिल्ला घोषणामा जिल्लामै उत्पादित तरकारीले नपुग्ने हुँदा बाहिरबाट तरकारी, फलफूलगायत अन्य खाद्यान्न ल्याउन पर्दा कठिनाई भएको छ । जिल्लामा पर्यटकहरुको आगमन बढेसँगै सवारी साधनको सङख्या बढेकाले प्रदूषणको समस्या न्यून गर्न विभिन्न स्थानमा विद्युतीय चार्जिङ स्टेशन स्थापना गरिएको छ ।

**जलवायु सम्मेलनको आयोजना**

जलवायु परिवर्तनका असर, चुनौती र अनुकूलनका उपायबारे साझा धारणा बनाउने उद्देश्यले मुस्ताङको घरपझोङ गाउँपालिकाले यही भदौ ३० र ३१ गते राष्ट्रियस्तरको जलवायु सम्मेलन आयोजना गर्ने तयारी गरेको छ । सम्मेलनमा देशभरका ७५३ वटै स्थानीय तहको सहभागिता रहनेछ । सम्मेलनबाट हिमाल, पहाड र तराईमा जलवायु परिवर्तनले पारेका प्रभाव, स्थानीय तहले भोगिरहेका जलवायुजन्य विपद् र समस्याको पहिचान गरी जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलनका साझा रणनीति बनाउने, स्थानीय तहहरूबीच अनुभव र ज्ञान आदान-प्रदान गर्न तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदायको ध्यान जलवायु संकटतर्फ आकर्षित गराउन सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

सम्मेलनको अन्त्यमा जारी गरिने 'घरपझोङ घोषणापत्र २०८३' मार्फत जलवायु परिवर्तनका असरविरुद्ध स्थानीय तहको साझा प्रतिबद्धता प्रस्तुत गर्ने लक्ष्य राखिएको छ । गत वर्ष भदौ ३० र ३१ गते तय गरिएको यस किसिमको सम्मेलन भदौ २३ र २४ को जेन्जी आन्दोलनका कारण स्थगित भएकामा यस वर्ष आयोजना गरिएको हो । जलवायु परिवर्तनका कारण यहाँ हिमपातको स्वरूपमा परिवर्तन, पानीका मुहान सुक्ने, चरन क्षेत्र घट्ने, हिमपहिरो, बाढी-पहिरो तथा नदी कटानजस्ता समस्याबाट बढी प्रभावित मुस्ताङको कालीगण्डकी नदी किनार, मुक्तिनाथ क्षेत्र र नीलगिरि हिमालको पृष्ठभूमिमा सम्मेलन आयोजना गर्दा सहभागीहरुले हिमाली क्षेत्रका समस्याको प्रत्यक्ष अनुभूति गर्नसक्ने र समाधानका विभिन्न उपायहरुका बारेमा पनि व्यापक छलफल गर्नसक्ने अवसर हुन सक्दछ ।

यस जलवायु सम्मेलन मुस्ताङको मात्र समस्या उठाउने कार्यक्रम नभई हिमालदेखि तराईसम्मका स्थानीय तहलाई एउटै मञ्चमा ल्याएर जलवायु न्याय र सामूहिक समाधान खोज्ने राष्ट्रिय पहलका रूपमा महत्वपूर्ण अवसरको रुपमा हेरिएको छ । स्थानीय जनताले नगरेको गल्तीको सजाय कसरी पाइरहेका छन् भन्ने अनुभूति पनि राष्ट्रिय अन्तराष्ट्रिय स्तरमा गराउन सम्मेलन उपयोगी हुनसक्छ । (प्रस्तुत विचार घरपझोङ गाउँपालिकाका अध्यक्ष लालचनसँग गरिएको कुराकानीमा आधारित)

# एक वर्षमा मधेस प्रदेशबाट वैदेशिक रोजगारीमा गएका १४४ युवकको मृत्यु

जनकपुरधाम, १० भदौ (रासस) ।

गत एक वर्षमा मधेस प्रदेशबाट वैदेशिक रोजगारीमा गएकाहरु मध्येबाट १४४ जना युवाले ज्यान गुमाउनुपरेको छ । त्यस वर्ष एक लाख ७९ हजार ३९ जना व्यक्ति वैदेशिक रोजगारीमा गएका थिए ।

सुरक्षित आप्रवासन (सामी)ले मधेस प्रदेशको जनकपुरधाममा आयोजना गरेको समीक्षा कार्यक्रममा कार्यक्रमका वरिष्ठ कार्यक्रम अधिकृत देवनारायण मण्डलले राससलाई जानकारी दिनुभयो ।

धनुषाबाट ३८ हजार ५५३, महोत्तरीबाट २८ हजार २२९, सर्लाहीबाट २३ हजार २७३, सिरहाबाट ३० हजार २११, सप्तरीबाट २० हजार ५५९, बाराबाट १५ हजार ५५५, रौतहटबाट १४ हजार ६८२ र पर्साबाट सात हजार ९७७ जना

*बाँकी तीन पृष्ठमा*

# हेलो सरकारमा गुनासा : विद्यालय र अभिभावकले कपाल छोटो बनाउन दबाब दिए

चितवन, १० भदौ (रासस) ।

यहाँस्थित कृष्णपुरका विनोद ढकाललाई कक्षा ९ मा अध्ययनरत आफ्नो छोराले कपाल काटेर छोटो बनाओस जस्तो लाग्छ । उहाँले भन्नुभयो,“विद्यालयबाट बाबुलाई कपाल कटाउन लगाउनुपर्‍यो भनेर टेलिफोन कल पनि आएको छ । बाबुलाई कपाल छोटो बनाउन बाबु भन्दा मान्दैन । जबरजस्त गर्नुभएन ।”

भरतपुर-१० का बुद्धिकान्त न्यौपानेको गुनासो पनि उस्तै खालको छ । उहाँ कक्षा १२ मा अध्ययनरत छोरालाई कपाल काट्न भन्न छाडेको बताउनुहुन्छ । उहाँले भन्नुभयो, “ठूलो छोरालाई कपाल काट्न भन्न छाडेँ, कक्षा ७ मा पढ्ने कान्छो छोराले पनि टेर्न छाड्यो ।”

यी प्रतिनिधिपात्र मात्रै हुन्, पछिल्लो समय अधिकांश अभिभावकको गुनासो ‘छोराहरुले कपाल छोटो बनाउनै मान्दैनन्’ भन्ने नै हुने गरेको छ । विद्यालय र उच्च शिक्षा तह अध्ययनरत गरेका विद्यार्थीहरू लामो कपाल पाल्न सौखिन हुन थालेका छन् । कतिपयले त लामो कपाल मिलाउन (कोर्न)समेत इन्कार गर्ने गर्दछन् । जस्तो छ उस्तै छाड्ने उनीहरूको बानी हुने गरेको छ ।

विद्यालयहरूले कपाल काट्न दबाब दिन नहुने भएपछि यस्ता विद्यालयले अभिभावकको साहारा लिन थालेका छन् । विद्यार्थीले कपाल काट्न दबाब दिएको जनाउँदै हेलो सरकार र प्रहरीमा समेत उजुरी दिने गरेको पाइएको छ । भरतपुर महानगरपालिका, शिक्षा महाशाखाका प्रमुख सुवास आचार्य विद्यार्थीहरूले विद्यालयले दबाबमा कपाल काट्न लगायो भनेर हेलो सरकारमा उजुरी दिने गरेको जानकारी आफूकहाँ आएको दिनुभयो ।

उहाँका अनुसार विशेष गरेर हजुरबुबा आमासँग बस्ने, होस्टल (आवास)मा बस्ने र अभिभावकभन्दा टाढा रहेका विद्यार्थीले कपाल छोटो बनाउन नमान्ने गरेका छन् ।

निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन (प्याब्सन) चितवनका अध्यक्ष मदन पुरी विद्यार्थीलाई कपाल काट्न भन्न छाडेको बताउनुहुन्छ । निजी विद्यालय विरुद्ध हेलो सरकारमा उजुरी परेको जनाउँदै उहाँले देशभरका ३५ भन्दा बढी विद्यालयविरुद्ध विद्यालयले जबर्जस्ती कपाल काट्न लगाउने गरेको उजुरी परेको जानकारी पाएको बताउनुभयो ।

उहाँले भन्नुभयो, “अहिले कपाल काट्ने विषयमा केही गर्न सक्ने अवस्था नै छैन । कक्षा ९ देखि १२ सम्म पढ्ने विद्यार्थीमा यस्तो अवस्था छ । ”

सरकारले स्वीकृत गरेको शिक्षा नियमावली (१०औँ संशोधन)मा जबर्जस्ती विद्यार्थीको कपाल काट्न नपाउने व्यवस्था राखिएको छ । विद्यालयहरूले विद्यार्थीको इच्छाविपरीत कपाल काट्ने र काट्न लगाउने गरेको गुनासो आएपछि सरकारले ऐनमा नै यो व्यवस्था गरेको हो ।

नियमावलीको नियम २५ मा कुनै पनि अवस्थामा विद्यार्थीको शारीरिक, मनोवैज्ञानिक तथा मनोसामाजिक अवस्थामाथि नकारात्मक असर पर्ने गतिविधि विद्यालय परिसर वा कक्षा कोठाभित्र सञ्चालन गर्न गराउन नदिने भनिएको छ । विद्यार्थीको शारीरिक स्वरूप, पहिरन, शृङ्गार वा साजसज्जाका आधारमा होच्याउने लाञ्छित गर्ने वा चरित्रमाथि प्रश्न उठाउन नपाइने नियमावलीमा उल्लेख गरिएको छ ।

वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरका मनोविज्ञान विषयका उपप्राध्यापक डा सुरेन्द्र घिमिरे पहिलेपहिले विद्यार्थीहरू क्याम्पस पढ्ने समयमा मात्रै चलचित्र हेरेर विश्वका गतिविधि थाहा पाउने र सोको सिको गर्ने भए पनि अहिले सानै उमेरदेखि विश्वका गतिविधि देख्न पाउँदा त्यसप्रति नक्कल गर्ने झुकाव बढेको बताउनुहुन्छ । उहाँले भन्नुभयो, “नक्कल गर्ने मानिसको नैसर्गिक गुण हो । जे चिज ‘सेलिब्रेटी’ले गर्छन्, त्यसको नक्कल उनीहरूले गर्न चाहन्छन् ।”

इन्टरनेट र सामाजिक सञ्जालको पहुँच सानै उमेरदेखि हुँदा अहिले किशोर अवस्थादेखि नै त्यसको सिको गर्न थालेको उहाँको बुझाइ छ । उहाँले भन्नुभयो, “बच्चाले मोबाइलमा सेलिब्रेटी देखेको छ, पहिले ठूलो भएपछि देख्थ्यो, अहिले त्यो उमेर तल झरेको छ ।” कपाल पाल्ने, नराम्रो होइन ।” यद्यपि कपाल पाल्दै गर्दा त्यसको स्याहारसुधारमा लाग्ने खर्च र समयका कारण पढाइमा पर्ने असर भने कायमै रहेको उहाँ बताउनुहुन्छ ।

घर, विद्यालय सबैतिरबाट किशोरावस्थामा कपाल नपाल्न आग्रह गरिए पनि नटेर्नुलाई भने आज्ञाकारिताविरुद्धको साङ्केतिक विरोधका रूपमा लिन सकिने उहाँ बताउनुहुन्छ । विशेषगरी विद्यालय तथा कलेज तहका किशोरहरू छोटो कपालको परम्परागत शैलीभन्दा फरक, आफूलाई आकर्षक र आधुनिक देखाउने शैलीतर्फ आकर्षित हुन थालेको देखिन्छ । सामाजिक सञ्जाल, चलचित्र, सङ्गीत तथा विदेशी फेसनको प्रभावले यो प्रवृत्तिलाई थप बढावा दिएको पाइन्छ ।

कपाल लामो हुँदा सफा गर्न गाह्रो हुने, दैनिक हेरचाहामा समय खर्च गर्नुपर्ने, खर्चिलो हुने र स्याहार सुधार गर्न नसकेमा जुम्रा, चाया परेर स्वास्थ्यमा असर पार्ने विज्ञहरु बताउँछन् । धेरै लामो वा बाक्लो कपालमा पसिना र फोहर जम्ने हुँदा विशेषगरी गर्मीमा समस्या हुने गर्दछ ।

## एक वर्षमा ...

वैदेशिक रोजगारीमा गएका थिए ।

वैदेशिक रोजगारीमा जाने महिलाको सङ्ख्या सर्लाहीबाट एक हजार ३८९, बाराबाट एक हजार ८८, रौतहटबाट ५२५, पर्साबाट ३३८, महोत्तरीबाट ४४७, धनुषाबाट ४१३, सप्तरीबाट २६९ र सिरहाबाट ३०४ छन् ।

यसैगरी, सुरक्षित आप्रवासन कार्यक्रमअन्तर्गत सञ्चालित आप्रवासी स्रोत केन्द्रमा सेवा तथा परामर्श लिनेको सङ्ख्या कुल ६३ हजार १४० रहेको छ । जसमध्ये ५७ हजार २२५ पुरुष, पाँच हजार ९१४ महिला र एक जना अन्य लैङ्गिक समूहका व्यक्ति हुन् ।

श्रम तथा यातायात मन्त्रालयका शाखा अधिकृत नविनकुमार शर्माले गत आर्थिक वर्ष २०८२/८३ मा ६७५ समस्या समाधान गरिएको बताउनुभयो । उहाँले १५९ पीडितलाई पीडकबाट रु २२ करोड एक लाख ७८ हजार ४०३ फिर्ता गरिएको जानकारी दिनुभयो ।

वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिलाई गन्तव्य मुलुक, रोजगारीको प्रक्रिया, श्रम स्वीकृति, सीप, लागत, बीमा, कानुनी अधिकारलगायतका विषयमा सूचना तथा परामर्श प्रदान गर्दै आएको छ ।

श्रम तथा यातायातमन्त्री शारदा थापाले वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन पूर्वसूचना तथा परामर्शको पहुँच विस्तार गर्नुपर्ने आवश्यकता रहेको औँल्याउनुभयो ।

वैदेशिक रोजगारीमा जानुअघि सही सूचना प्राप्त गर्न सके ठगी, बढी लागत, अवैध बाटोबाट हुने प्रस्थान तथा रोजगारसम्बन्धी जोखिम न्यूनीकरण गर्न सहयोग पुग्ने विश्वास गरिएको छ ।

कार्यक्रममा श्रम तथा यातायात मन्त्रालयका वरिष्ठ उपसचिव धन्जयकुमार सिंहको अध्यक्षतामा सम्पन्न भएको थियो ।

## विश्व समाचार

### पाकिस्तानको अस्पतालमा आगलागी १४ जना नवजात शिशुको मृत्यु

इस्लामाबाद, १० भदौ (रासस/सिन्ह्वा) ।

पाकिस्तान इन्स्टिच्युट अफ मेडिकल साइन्सेजको स्त्रीरोग वार्डमा बुधवार आगलागी हुँदा कम्तीमा १४ जना नवजात शिशुको मृत्यु भएको प्रहरीले जनाएको छ । सुरक्षाका कारण नाम नछाप्ने सर्तमा प्रत्यक्षदर्शीहरूले अस्पतालको तेस्रो तलाको स्त्रीरोग वार्ड क्षेत्रमा स्थानीय समयअनुसार बिहान लगभग ६:४० मा आगलागी भएको जनाएका छन् । उनीहरुका अनुसार त्यहाँ नवजात शिशुहरुलाई राखिएको थियो ।

अग्नि नियन्त्रक कर्मचारी, एम्बुलेन्स र प्रहरी घटनास्थलमा पुगेपछि उद्धार कार्य सुरु गरिएको अस्पताल प्रशासनले जनाएको छ । आगलागी भएको वार्डबाट धेरै बालबालिकाहरूलाई उद्धार गर्न सफल भएकोसमेत बताइएको छ । स्रोतका अनुसार सुरुमा नौ बालबालिकाको घटनास्थलमै मृत्यु भएको थियो भने अन्य घाइतेहरुलाई बाल वार्डमा सारेर उपचार सुरु गरे पछि मृत्यु भएको थियो । प्रहरीले आगलागीको कारण र हताहतको बारेमा सही विवरणहरू सङ्कलन जारी राखेको छ भने उद्धार कार्य अझै जारी छ ।

### अमेरिकाले विश्वव्यापी भिसा समय रोकेको रिपोर्ट

वासिङ्टन, १० भदौ (रासस/एएनआई) ।

राष्ट्रपति डोनाल्ड ट्रम्प नेतृत्वको अमेरिकी प्रशासनले आप्रवासनसम्बन्धी छानविन कडा बनाइरहेका बेला विश्वभरका अमेरिकी दूतावास तथा वाणिज्य दूतावासमा भिसा अन्तर्वार्ताका लागि तोकिएका समय अस्थायी रूपमा रोकेको रोयटर्सले जनाएको छ । अमेरिकी विदेश मन्त्रालयले यो कदम भिसा अधिकारीहरूको विश्वव्यापी प्रशिक्षण कार्यक्रमसँग सम्बन्धित रहेको स्पष्ट पारेको छ । विदेश मन्त्रालयका प्रवक्ताले विश्वभरका अमेरिकी कूटनीतिक नियोगमा भिसा आवेदन मूल्याङ्कनसम्बन्धी व्यापक प्रशिक्षण सुरु गरिएको र त्यसलाई समायोजन गर्न भिसा सेवाका लागि तोकिने समय परिवर्तन गरिएको बताएका छन् । अन्तर्वार्ता पुनः कहिलेदेखि सुरु हुनेछ वा नयाँ समय कहिले तोकिनेछ भन्नेबारे विभागले कुनै समयसीमा दिएको छैन ।

यसअघि नै अन्तर्वार्ताको समय पाएका केही आवेदकलाई तोकिएको समय रद्द गरिएको र नयाँ मिति तथा समयबारे पछि जानकारी दिइने भन्दै इमेल पठाइएको फाइनान्सियल टाइम्सले जनाएको छ । यसबाट विशेषगरी अमेरिका बाहिरबाट भिसा प्रक्रिया पूरा गर्नुपर्ने आप्रवासी भिसा आवेदकमा थप अनिश्चितता देखिएको छ ।

विदेश मन्त्रालयका अनुसार प्रशिक्षणको उद्देश्य प्रत्येक भिसा आवेदकको अमेरिकी कानून तथा नियमअनुसार व्यापक र निरन्तर मूल्याङ्कन गर्न कन्सुलर अधिकारीलाई सक्षम बनाउनु हो । मन्त्रालयले आवेदक अमेरिकी सार्वजनिक सुविधामा निर्भर हुने सम्भावनालगायत पक्षको मूल्याङ्कनलाई समेत प्राथमिकता दिएको जनाएको छ । ट्रम्प प्रशासनले दोस्रो कार्यकाल सुरु गरेयता आप्रवासन प्रवर्तनलाई तीव्र बनाउँदै भिसा तथा ग्रिन-कार्ड आवेदकको कडा छानविन, निर्वासन अभियान र शरणार्थी प्रवेशसम्बन्धी नीतिमा कडाइ गरेको छ । प्रशासनले अवैध आप्रवासन नियन्त्रण र आन्तरिक सुरक्षा सुदृढीकरणलाई आफ्नो प्रमुख उद्देश्य बताउँदै आएको छ ।

गत वर्षदेखि आप्रवासी भिसा आवेदकले सामान्यतया आफ्नो नागरिकताको देशबाटै आवेदन प्रक्रिया पूरा गर्नुपर्ने व्यवस्था लागू गरिएको छ । अमेरिकामा कानूनी रूपमा बसिरहेका तथा काम गरिरहेका वा अमेरिकी पति, पत्नी वा सन्तान भएका केही आवेदकसमेत यसबाट प्रभावित भएका छन् । ट्रम्पले सन् २०२४ को राष्ट्रपतीय निर्वाचन अभियानका क्रममा अवैध आप्रवासन रोक्ने प्रतिबद्धता जनाउनुभएको थियो । त्यसपछि उहाँको प्रशासनले कानूनी आप्रवासनमाथिको छानविन विस्तार गर्दै कडा भिसा परीक्षण, शुल्क वृद्धि तथा विदेशी कामदार र अन्य भिसा आवेदकमाथि विभिन्न प्रतिबन्ध लागू गरेको छ । केही आप्रवासनसम्बन्धी कारवाही राजनीतिक गतिविधि र प्यालेस्टाइन समर्थक सक्रियतासँग समेत जोडिएका छन् ।

प्रशासनका नीतिले भने मानव अधिकार समूहको आलोचना र कानूनी चुनौती सामना गरिरहेका छन् । आलोचकहरूले केही व्यवस्थाले भेदभावपूर्ण अभ्यास बढाएको तथा अभिव्यक्ति स्वतन्त्रता र उचित प्रक्रियाको अधिकार प्रभावित गरेको आरोप लगाएका छन् । यसैबीच, अगस्ट २१ मा एक अमेरिकी न्यायाधीशले ७५ देशका नागरिकलाई आप्रवासी भिसा जारी गर्न निलम्बन गर्ने ट्रम्प प्रशासनको नीति खारेज गरेका थिए । उक्त नीति विदेशमन्त्री मार्को रुबियोको वैधानिक अधिकारभन्दा बाहिर रहेको न्यायाधीशले फैसला गरेका थिए ।

### इरानमाथि तत्काल नयाँ आक्रमण नगर्ने अमेरिकी नीति

वासिङ्टन, १० भदौ (रासस/एएनआई) ।

अमेरिकी विदेशमन्त्री मार्को रुबियोले सहयोगी मुलुकका विदेशमन्त्रीहरूलाई वासिङ्टनले तत्काल इरानमाथि नयाँ सैन्य आक्रमण गर्ने योजना नराखेको जानकारी दिनुभएको छ । त्यसको सट्टा अमेरिकाले इरानमाथि आर्थिक दबाव, नौसैनिक निगरानी तथा हर्मुजको जलघाँटी हुँदै हुने पेट्रोलियम आपूर्तिमा प्रभाव बढाउने रणनीति अघि बढाएको छ ।

‘एक्सियोस’ का अनुसार ट्रम्प प्रशासनले ठूलो सैन्य कारवाहीमा फर्किनुको सट्टा इरानको अर्थतन्त्रलाई कमजोर बनाउने रणनीतिलाई प्राथमिकता दिएको हो । यद्यपि इरानले पहिले आक्रमण गरेमा सैन्य विकल्प खुला राखिएको अमेरिकी अधिकारीहरूले बताएका छन् । वासिङ्टनले इरानको तेल निर्यातमा गिरावट आएको र हर्मुजमार्फत अन्तर्राष्ट्रिय ऊर्जा आपूर्तिमा अवरोध सिर्जना गर्ने तेहरानको क्षमता कमजोर भएको दावी गरेको छ । अमेरिकाले इरानसँग व्यापार गर्ने विदेशी मुलुकमाथि समेत प्रतिबन्धात्मक दबाव बढाएको छ । अमेरिकी विदेश मन्त्रालयले इरानले आणविक हतियार प्राप्त गर्न नहुने राष्ट्रपति डोनाल्ड ट्रम्पको धारणा दोहोर्‍याउँदै इरानी शासनको वित्तीय स्रोत कमजोर पार्ने नीति अघि बढाइएको जनाएको छ । ‘एक्सियोस’ का अनुसार यो नीति नोभेम्बरमा हुने अमेरिकी मध्यावधि निर्वाचनसम्म कायम रहन सक्नेछ ।

# राजविराज नगरपालिका

## ८ नं. वडा कार्यालय

राजविराज, सप्तरी

मधेश प्रदेश, नेपाल

पत्र संख्या: २०८३/०८४ मितिः २०८३/०५/०९

चलानी नम्बर: ९१

सुचना । सुचना । सुचना ।

**विषय -सुचना सम्बन्धमा**

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी राजविराज नगरपालिका वडा५ परिवर्तित वडा नं ८ बस्ने स्व .राम दिहल साह को बुहारी रामजी साहु को छोरी स्व.हरि नारायण साह तेली को पत्नी कमलेश्वरी देवी साहु यस वडा कार्यालयमा उपस्थित भई निवेदन दर्ता गरी मेरो पति स्व.हरी नारायण साह को नाउमा कायम रहेका जग्गा म सबैभन्दा नजिक एक मात्र पत्नी हक आपुताली खाने अन्सियार भएको हुदाँ जग्गा नामसारी गरी पाउ भन्नी निवेदन रहेको मा स्व.हरी नारायण साह तेली को मिति २०७९/०९/१२गते आफ्नो कालगती ले मृत्यु भएको निज मृतक एक मात्र पत्नी कमलेश्वरी देवी साहु सबैभन्दा नजिक को हक आपुताली खान रहेका जग्गा निवेदक को नाउमा नामसारी को लागि माग दावी रहेको हुदाँ यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र हक अंश लाग्ने अन्सियार लागत हक पुग्ने व्यक्ति ले आ-आफ्नो सबुत प्रमाण लिई म्याद भित्र उजुरी गर्न आउनु होला अन्यथा यो सुचना म्याद समाप्त भई गएमा पछि कोहि कसै को कुनै उजुरी लाग्ने छैन भन्नी स्थानीय सरकार संचालन ऐन मालपोत को नाम मा सिफारिस भई कानुन बमोजिम हुने व्यहोरा अनुरोध छ ।

तपसिल

| जिल्ला | गा.वि.स/न.पा | वडा नं | कि.नं. | क्षे.फ |
|---|---|---|---|---|
| सप्तरी | राजविराज | ५क | १२०९ | ०-०-५.५ |

# पैगम्बरको जन्मोत्सवमा र्‍याली



**दैनिक समाचारदाता**
**राजविराज, १० भदौ ।**

मुस्लिम समुदायले बुधबार आफ्नो धर्मका प्रर्वतक हजरत महम्मद पैगम्बरको जन्मोत्सव र्‍यालीसहित विविध कार्यक्रमको आयोजना गरी मनाएका छन् ।

राजविराजमा महम्मद पैगम्बर जन्मजयन्तीको ब्यानर, राष्ट्रिय र धार्मिक झण्डा तथा बाजागाजा सहित र्‍याली निकालिएको छ ।

र्‍यालीमा राजविराज नगरपालिकाकी कार्यवाहक नगरप्रमुख इसरत परवीन, मुस्लिम समुदायका युवा, युवती, बृद्ध बृद्धा, विभिन्न मदरसाका मौलानाका साथै बालबालिका समेतको उत्साहजनक सहभागिता रहेको थियो ।

इस्लामी पात्रो हिजरी सम्वतको रब्बी अब्बल महिनामा साउदी अरबको मक्कामा हजरत महम्मद पैगम्बरको जन्म भएको दिनको सम्झनामा मुस्लिम समुदायले प्रत्येक वर्ष धुमधामका साथ जन्मजयन्ती मनाउने गरिन्छ ।

यस अवसरमा बुधबार संघीय र मधेश प्रदेश सरकारले मुस्लिम समुदायका लागि विदा दिएको थियो ।

# विपद् प्रभावित क्षेत्रमा तत्काल उद्धार तथा राहत कार्यलाई तीव्रता दिन मधेशका पूर्वमुख्यमन्त्री सिंहको आग्रह

**दैनिक समाचारदाता**
**राजविराज, १० भदौ ।**

मधेश प्रदेशका पूर्वमुख्यमन्त्री सतिश कुमार सिंहले रसुवा जिल्लामा बुधबार बिहान आएको विनाशकारी बाढी र पहिरोबाट भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गरेका छन् ।

बाढी तथा पहिरोका कारण थुप्रै परिवार घरबारविहीन भएको र ठूलो धनजनको क्षति भएको भन्दै सिंहले विपद्को यस कठिन घडीमा पीडित परिवारको दुःखमा साथ दिन सबैको कर्तव्य रहेको रहेकोले नेपाल सरकार, गृह मन्त्रालय तथा स्थानीय प्रशासनलाई प्रभावित क्षेत्रमा तत्काल उद्धार तथा राहत कार्यलाई तीव्रता दिन आग्रह गरेका छन् ।

उनले विस्थापित परिवारलाई खाद्यान्न, सुरक्षित बासस्थान तथा आवश्यक चिकित्सा सुविधा तत्काल उपलब्ध गराउन अपिल गरेका छन् ।

त्यस्तै, घरबारविहीन बनेका नागरिकलाई उचित क्षतिपूर्ति प्रदान गर्दै सुरक्षित स्थानमा तत्काल पुनर्स्थापनाको व्यवस्था गर्नुपर्नेमा उनले जोड दिएका छन् ।

बाढीपहिरोका कारण अवरुद्ध भएका सडक, पुल तथा सञ्चार सेवा यथाशीघ्र सञ्चालनमा ल्याएर प्रभावित क्षेत्रमा राहत तथा उद्धार सामग्री पुऱ्याउने वातावरण बनाउन समेत सिंहले सरकारसँग आग्रह गरेका छन् ।

विपद्को समयमा राजनीतिक दल, सामाजिक संघ-संस्था, युवा तथा आम नागरिक एकजुट भएर उद्धार तथा राहत अभियानमा सहयोग गर्नुपर्ने उनको भनाइ छ ।

पूर्वमुख्यमन्त्री सिंहले प्राकृतिक विपद्बाट प्रभावित नागरिकलाई राज्यका सबै निकाय तथा समाजका सबै पक्षले तत्काल सहयोग र संरक्षण प्रदान गर्नुपर्ने बताएका छन् ।

सो विपदमा परी ज्यान गुमाएका नागरिकहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गरेका छन् । उनले बाढीपहिरोमा परी घाइते भएकाहरूको शीघ्र स्वास्थ्यलाभको कामना समेत गरेका छन् ।


नेपाल सरकार
कृषि भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**भूमि सुधार तथा मालपोत कार्यालय, राजविराज**
भूमि प्रशासन कार्यालय सप्तरी

चलानी नं. ३२१
पत्र संख्या :
प्राप्त पत्र संख्या र मितिः
मितिः २०८३।०४।१८

विषय नामसारी ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना ।

.................. दर्ता रहेको साविक .................. मौजा रैन.................. हाल तपसिल बमोजिम नापी भएको जग्गा.... म निवेदक को नाममा नामसारी .... गरी प्रमाण पुर्जा पाउ भन्ने गा.वि.स./न.पा.... कोठवरसाइन वार्ड नं. ५ .... बस्ने श्री हाल देश भारत, बिहार, सुपौल गुढ्डवाटी-८ को सुनिल कुमार सिंह द.नं.१६३६५ मिति २०८१।११।२२ ......मा निवेदन परी हकदावी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८३।०४।०६ मा आदेश भए अनुरुप यो ....३५.... दिने सुचना प्रकाशित गरिएको छ ।तपसिलमा उल्लेखित जग्गामा निवेदक वाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नामा जग्गा दर्ता नामसारी नाम थर वतन संशोधन गर्दा कसैको हक जाने छ भने सुचना प्रकासित भएको मितिले ....३५.....दिन भित्रमा सप्रमाण यस कार्यालयमा आई उजुरो गर्नु होला ।म्याद भित्र कसैको दावीउजुरी पर्न नआएमा निवेदकको माँग दावी बमोजिम... निवेदक को नाममा नामसारी गर्ने तर्फ कानुन बमोजिम कार्यवाही भै जानेछ ।यस सम्बन्धमा पछि कहि पनि उजुरो दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

| गा.वि.स./न.पा. | वार्ड नं. | कि.नं. | श्रेत्रफल | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|
| कुटकी | २ख | ३१ | ०-२-० | राणा प्रताप सिंह जोईदलीको उक्त जग्गा हाल देश भारत बिहार राज्य, जिल्ला सुपौल पंचायत गुढ्डवाटी वडा नं ८ बस्ने निजको छोरा सुनिल कुमार सिंहको नामसारी माग निवेदन रहेकोमा हकदावी लाग्ने भए म्यादभित्र उजुरी दिनु हुन सुचना प्रकाशन गरेको । | |
| ” | ६ | १६५ | ०-२-० | | |
| ” | ६ | ३३६ | ०-४-४ | | |


# भूमिगत सिँचाइ प्रमुखसहित दुई जनामाथि भ्रष्टाचारको मुद्दा दायर

काठमाडौँ, १० भदौ (रासस) ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सर्लाहीको भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयका कार्यालय प्रमुख अनुपमा ढकाल र सोही कार्यालयका मेकानिकल अधिकृत छैठौँ तुलाकान्त चौधरीलाई घुस लिएर भ्रष्टाचार गरेको भन्दै बुधबार विशेष अदालत काठमाडौँमा आरोपत्रपत्र दायर गरेको छ ।

आयोगको टोलीले केही समय अघि कार्यालय प्रमुख ढकाल र मेकानिकल अधिकृत चौधरीको मिलेमतोमा बोरिङ र मोटर जडानकार्य सम्पन्न भएपछि अवैध रूपमा रु सात लाख ५० हजार घुस लिएको अवस्थामा नियन्त्रणमा लिएको थियो ।

आयोगका प्रवक्ता सुरेश न्यौपानले दुवै जनाले रु सात लाख ५० हजार घुस लिएको पुष्टि भएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर भएको हुँदा निजलाई बिगो सात लाख ५० हजार कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना सजायको माग माग दावी गरेको बताउनुभयो ।

# उद्धार र राहतलाई प्रभावकारी बनाउन प्रधानमन्त्रीको निर्देशन

काठमाडौँ, १० भदौ (रासस) ।

प्रधानमन्त्री वालेन्द्र शाहले भोटेकोशी बाढीबाट प्रभावित भएकाहरूको उद्धार तथा राहतका गतिविधिलाई प्रभावकारी एवं समन्वयात्मक ढङ्गले सम्पादन गर्न सम्बन्धित निकायलाई निर्देशन दिनुभयो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भर्खरै सम्पन्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को बैठकमा प्रधानमन्त्री शाहले बाढी प्रभावित क्षेत्र, क्षतिको विवरण तथा उद्धार र राहतका लागि भइरहेका प्रयासबारे जानकारी लिएपछि उद्धार, खोज तथा राहतका कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्न निर्देशन दिनुभएको हो ।

विपद्को यस क्षणमा सबैलाई आ-आफ्नो ठाउँबाट बाढी प्रभावित क्षेत्रमा परिचालन हुन तथा प्रभावित नागरिकको उद्धार, खोज र राहतमा जुट्न उहाँले आग्रह गर्नुभएको प्रधानमन्त्रीका प्रेस तथा अनुसन्धान विज्ञ दीपा दाहालले राससलाई जानकारी दिनुभयो ।

# नेपाली सेना र निजी क्षेत्रका हेलिकप्टरद्वारा १ सय १४ जना बाढी प्रभावितको उद्धार

काठमाडौँ, १० भदौ (रासस) ।

रसुवास्थित भोटेकोशी नदीमा बुधबार बिहान आएको भीषण बाढीलगत्तै नेपाली सेना र निजी क्षेत्रले ११४ जनाको हवाई उद्धार गरेका छन् ।

नेपाल प्रहरीका अनसार नेपाली सेनाले विभिन्न उडानमार्फत ८५ जनाको उद्धार गरेको छ भने निजी क्षेत्रका विभिन्न हेलिकप्टर कम्पनीले २९ जनाको उद्धार गरेका छन् ।

नेपाली सेनाले रसुवाको टिमुरे-धुन्चेमा ६० जना, टिमुरे-त्रिशूलीमा १३, मैलुङमा पाँच जना, बेत्रावतीमा चार जना, त्रिशूली-काठमाडौँमा तीन जनाको उद्धार गरेको छ ।

त्यसैगरी निजी क्षेत्रअन्तर्गत कैलाश हेलिकप्टरले रसुवा-टिचिङ अस्पतालमा पाँच जना, सिम्रिकले टिचिङ जना, अन्नपूर्ण रसुवाबाट टिचिङ अस्पतालमा चार जनाको उद्धार गरेका छन् । साथै प्रभु हेलिकप्टरले रसुवादेखि टिचिङ अस्पतालमा पाँच जना, सिम्रिकले रसुवा-टिचिङ अस्पतालमा दुई जना, फिसटेलले रसुवा-टिचिङ अस्पतालमा पाँच जना, एभरेष्टले रसुवा-टिचिङ अस्पतालमा दुई जना र प्रभु हेलीले रसुवा-वीर अस्पतालमा तीन जनाको उद्धार गरेका छन् ।


## सार्वजनिक यातायातको मर्यादित प्रयोग गरौं

- सार्वजनिक यातायातका साधनको जिम्मेवारीपूर्वक प्रयोग गरौं,
- सवारी चढ्ने र ओर्लने क्रममा सडक अनुशासन र पालोको पालना गरौं,
- ज्येष्ठ नागरिक, गर्भवती महिला, अपाङ्गता भएका व्यक्ति तथा बालबालिकालाई प्राथमिकता दिऔं,
- सार्वजनिक यातायातमा धूम्रपान गर्ने, फोहोर फाल्ने तथा होहल्ला गर्ने कार्य नगरौं,
- चालक तथा सहचालकसँग सभ्य र सम्मानजनक व्यवहार गरौं,
- चालक तथा सहचालकले यात्रुसँग सभ्य र सम्मानजनक व्यवहार गरौं,
- सवारी साधनको क्षमता भन्दा बढी यात्रु नचढौं/नचढाऔं,
- ट्राफिक नियमको पालना गरी सुरक्षित यात्रामा सहयोग गरौं,
- सार्वजनिक सम्पत्तिको संरक्षण गर्दै स्वच्छ र सुरक्षित यात्रा संस्कृतिको विकास गरौं।

**अनुशासित यात्रा गरौं, सुरक्षित गन्तव्यमा पुगौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड



**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*